apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: १९९ ● पृष्ठ: ४ ● २० साउन २०८३ बुधबार (05 August 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# सिरहामा खाना पकाउने ग्यासको चरम अभाव

## सिलिन्डर खोज्दै पसल-पसल धाउन उपभोक्ता बाध्य



**शुभ नारायण कामती**
**सिरहा, साउन १९ गते**

सिरहा जिल्लामा खाना पकाउने एलपी ग्यासको अभाव चुलिँदा सर्वसाधारण, होटल व्यवसायी तथा अन्य उपभोक्ता समस्यामा परेका छन् । सदरमुकाम सिरहासहित जिल्लाका विभिन्न बजार क्षेत्रमा ग्यास सिलिन्डर सहज रूपमा उपलब्ध नहुँदा दैनिक जनजीवन प्रभावित बनेको छ।

ग्यास अभावका कारण उपभोक्ताले विक्रेताको पसल-पसल धाउनुपरेको छ भने केही परिवार दाउरा प्रयोग गरेर खाना पकाउन बाध्य भएका छन् । विक्रेताहरूले मागअनुसार नेपाल आयल निगमबाट ग्यास आपूर्ति हुन नसक्दा समस्या उत्पन्न भएको बताएका छन्।

कोशी ग्यासका विक्रेता तथा सिरहा उद्योग वाणिज्य संघका महासचिव सत्यनारायण महतोले मागअनुसार ग्यास आपूर्तिका लागि पटक-पटक नेपाल आयल निगमसँग आग्रह गरे पनि पर्याप्त परिमाणमा ग्यास प्राप्त हुन नसक्को बताए। आपूर्ति अभावका कारण ग्राहकको गुनासो र असन्तुष्टि आफूहरूले खेप्नुपरेको उल्लेख गर्दै उनले समस्या समाधानका लागि सम्बन्धित निकायले आवश्यक पहल नगरेको बताए ।

सिरहा नगरपालिका -१२ सारस्वरका मनोज कुमार मण्डलले ग्यास अभावका कारण पारिवारिक संस्कारसमेत प्रभावित भएको बताए। उनका अनुसार काकाको निधनपछि आयोजित भोज (काजकिरिया) का लागि सदरमुकाम सिरहासहित सारस्वर, बेल्हा र विष्णुपुरका ग्यास विक्रेतासँग सिलिन्डर खोज्दा कतै उपलब्ध नभएको बताए । अन्ततः दाउरा प्रयोग गरेर भोज व्यवस्थापन गर्नुपरेको उनले बताएका छन्।

यता, लहान नगर क्षेत्रमा पनि खाना पकाउने ग्यासको अभाव चुलिएको छ। पछिल्लो केही दिनयता ग्यास सिलिन्डर सहज रूपमा उपलब्ध हुन नसक्दा उपभोक्ताहरू बिहानैदेखि खाली सिलिन्डर बोकेर डिलरको पसलअघि लाइनमा बस्न बाध्य भएका छन् । लहान नगरपालिका-३ स्थित रघुनाथपुर चोक तथा सडक डिभिजन कार्यालयअगाडिका ग्यास डिलरमा बिहानैदेखि उपभोक्ताको लामो लाइन देखिएको छ । डिलरहरूले ग्यास दिउँसो २ बजे मात्र आउने जानकारी दिएपछि उपभोक्ताहरू घण्टौंसम्म लाइनमा पालो कुर्न बाध्य भएका छन् ।

यस्तै, सिरहा नगरपालिका-७ का अनिरुद्र ठाकुरले आइतबार साँझ खाना पकाउँदै गर्दा ग्यास सकिएपछि छिमेकीसंग सहयोगमा दाउरा मागेर खाना पकाएर खानुपरेको गुनासो गरेका छन् । त्यसपछि बजारका विभिन्न ग्यास विक्रेतासँग सिलिन्डर

बाँकी पृष्ठ २


## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं ।
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख सिकाऔं ।
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं ।
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं ।
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं ।
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं ,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

**प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**गोलबजार घटना:**

# गणेश यादवको मृत्युबारे छानबिन गर्न गठित समिति फिल्डमा



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १९ गते**

गोलबजारमा पाँच दिनअघि एकजनाको ज्यान जाने गरी भएको प्रदर्शनसँगै तोडफोड र आगजनीसम्बन्धी घटनाको छानबिन गर्न गृह मन्त्रालयको उच्चस्तरीय टोली गोलबजार पुगेर छानबिन थालेको छ।

मन्त्रालयका सहसचिव पुष्पराज शाहीको नेतृत्वमा रहेको पाँच सदस्यीय टोलीले घटनाको निष्पक्ष छानबिनका लागि मंगलबारदेखि घटनास्थलको निरीक्षण, तथ्य प्रमाण संकलनसँगै स्थानीय सरोकारवालाहरुसँग छलफल थालेको हो । प्रदर्शनका क्रममा गोलबजारमा भएका क्षतिग्रस्त व्यापारिक, निजी घर पसलहरुको स्थलगत अनुगमन गरेको समितिले मंगलबार बिहान गोलबजार

बाँकी पृष्ठ ३

# मधेश सरकारको नयाँ कार्यविधि: कामको नतिजा देखाउने कर्मचारीलाई मात्रै प्रोत्साहन




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १९ गते**

मधेश प्रदेश सरकारले सरकारी कर्मचारीलाई दिँदै आएको अतिरिक्त सुविधालाई अब कार्यसम्पादनसँग जोड्ने तयारी गरेको छ।

लगातार कमजोर कार्यसम्पादन, विकास बजेट खर्च हुन नसक्नु र संघीय सरकारबाट बजेट कटौतिको दबाब बढ्दै गएपछि प्रदेश सरकारले कर्मचारीको प्रोत्साहन सुविधाका लागि नयाँ मापदण्ड लागू गर्न लागेको हो।

अर्थ मन्त्रालयले अन्तिम चरणमा पुऱ्याएको कार्यविधिअनुसार वार्षिक कार्यसम्पादन मूल्यांकनमा कम्तीमा ७५ प्रतिशत अंक प्राप्त गर्ने कर्मचारीले मात्रै कार्यक्षमतामा आधारित अतिरिक्त सुविधा पाउनेछन् । मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि कार्यविधि लागू हुनेछ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ देखि नेपाल सरकारबाट प्राप्त सेवा-सुविधाबाहेक कर्मचारीलाई आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले थप एक महिनाको तलब उपलब्ध गराउँदै आएको छ । तर यसबीच प्रदेश सरकारको समग्र कार्यसम्पादन सन्तोषजनक हुन नसकेको भन्दै आलोचना हुँदै आएको छ।

विकास बजेट खर्चमा मधेश प्रदेश पछिल्ला वर्षहरूमा कमजोर देखिँदै आएको छ। औसतमा वार्षिक विनियोजित बजेटको करिब ५० प्रतिशतसम्म खर्च हुन नसकी फ्रिज हुने अवस्था दोहोरिँदै आएको

बाँकी पृष्ठ ३

## गृहमन्त्रीको भ्रमण र सम्झौताबारे सरकारको स्पष्टीकरण- कुनै ठोस सम्झौता भएको छैन



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १९ गते**

सरकारले सुनसरी र मधेश प्रदेशमा भएका घटनाका सन्दर्भमा गृहमन्त्रीद्वारा कुनै विशेष वा ठोस सम्झौता नभएको स्पष्ट पारेको छ।

मंगलबार सञ्चारकर्मीहरूसँगको भेटघाटका क्रममा शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले गृहमन्त्रीको भ्रमण र विभिन्न पक्षसँग भएका भनिएका सहमतिबारे सरकारको धारणा सार्वजनिक गरेका हुन्।

मन्त्री पोखरेलले गृहमन्त्री सुधन गुरूङले प्रभावित क्षेत्रका विभिन्न सरोकारवालाहरूसँग भेटघाट गरी वस्तुस्थितिको बारेमा जानकारी लिएको र समस्या समाधानका लागि संवाद गर्न सरकार तयार रहेको सन्देश मात्र दिएको बताउ ।

पूर्वी तराईका जिल्लाहरूको भ्रमणका क्रममा गृहमन्त्री गुरूङले हिन्दू सम्राट सेना तथा आन्दोलनका पीडित पक्षहरूसँग भेटघाट र छलफल गरेका थिए ।

सोही क्रममा भएका भनिएका सहमतिबारे प्रष्टीकरण दिँदै मन्त्री पोखरेलले कुनै एउटा विशेष बुँदामा आधारित भएर प्रश्न उठे त्यसको विस्तृत र आधिकारिक जानकारी

बाँकी पृष्ठ ४






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३१
: ९८०१३२१७३१
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# सम्पादकीय...

## सिँचाइको समस्या र जनप्रतिनिधिको चासो

तराई-मधेशको अर्थतन्त्र र जीविकोपार्जनको मुख्य आधार कृषि नै हो। तर, बाली लगाउने समयमा सिँचाइको उचित प्रबन्ध नहुँदा किसानहरूले वर्षौंदेखि सास्ती खेप्दै आएका छन्। यसै सन्दर्भमा सिरहाको विष्णुपुर गाउँपालिका-१ स्थित जमुवा उपशाखाको भलुवाही-सिरहा नहरमा देखिएका सिँचाइसम्बन्धी समस्या समाधानका लागि जनप्रतिनिधि, स्थानीय तहका पदाधिकारी तथा कृषक महासंघका प्रतिनिधिहरूले गरेको संयुक्त स्थलगत अनुगमन सकारात्मक र स्वागतयोग्य कदम हो।

अनुगमनका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादव र वडाध्यक्ष विनोद कुमार कामतीले नहरको जीर्ण अवस्था र किसानका व्यावहारिक समस्यालाई प्रत्यक्ष नियालेका छन्। तराईका धेरैजसो नहर तथा कुलोहरू मर्मतसम्भारको अभावमा सुक्खा हुने वा गेग्रानले पुरिने समस्याबाट ग्रसित छन्। जसका कारण नहर भएर पनि किसानहरू अकासे पानी वा महँगो डिजेल पम्पको भर पर्न बाध्य छन्। यस्तो अवस्थामा नहरको स्तरोन्नति, नियमित सफाइ र पूर्वाधार सुधारका लागि प्रतिबद्धता आउनुले स्थानीय किसानमा आशा जगाएको छ।

तथापि, हाम्रा विकास निर्माण र जनसरोकारका मुद्दामा अनुगमन र प्रतिबद्धता मात्रै पर्याप्त हुँदैनन्। अनुगमनपछि तयार पारिने प्रतिवेदन र व्यक्त गरिएका प्रतिबद्धताहरूलाई कार्यान्वयनको तहसम्म पुऱ्याउनु नै वास्तविक चुनौती हो। सांसद र स्थानीय जनप्रतिनिधिले सम्बन्धित सिँचाइ विभाग, मन्त्रालय र बजेट विनियोजन गर्ने निकायसँग प्रभावकारी समन्वय गरी योजनालाई शीघ्र अगाडि बढाउन आवश्यक छ।

भलुवाही-सिरहा नहरको क्षमता अभिवृद्धि र नियमित मर्मतसम्भार हुन सके यस क्षेत्रको ठूलो भूभागमा सहज सिँचाइ पुग्नेछ, जसले कृषि उत्पादन वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउनेछ। जनप्रतिनिधिहरूले यो पहललाई केवल 'मौसमी अनुगमन' मा सीमित नराखी ठोस परिणाम नआउन्जेल निरन्तर ताकेता र अनुगमन गरिरहनुपर्छ। किसानको खेतसम्म सहज रुपमा पानी पुऱ्याउनु नै यो अनुगमनको वास्तविक सार्थकता हुनेछ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं।
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं।
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं।
- ध्वनि र वायु प्रदुषण कम गरौं।
- सडकको समय-समयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।


शहरलाई सफा राखौः सुन्दर बनाऔं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# मधेश सरकारको सौर्य ऊर्जा योजना कागजमै सीमित



नेपालकै सबैभन्दा बढी घाम लाग्ने भू-भागमध्ये पर्ने मधेश प्रदेश सौर्य ऊर्जाको दृष्टिले देशकै सबैभन्दा सम्भावनायुक्त प्रदेश मानिन्छ। समथर तराई, वर्षको अधिकांश समय उपलब्ध सूर्यको प्रकाश, प्रशस्त खुला जमिन र भारतीय बजारसँगको सहज पहुँचले यो प्रदेश सौर्य ऊर्जा उत्पादनको केन्द्र बन्नसक्ने सम्भावना प्रशस्त छ।

यही सम्भावनालाई समृद्धिको आधार बनाउने लक्ष्यसहित मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा 'हाम्रो प्रदेश, उज्यालो प्रदेश' भन्ने नारा अघि सार्दै सौर्य ऊर्जालाई गौरवको योजनाका रूपमा घोषणा गरेको थियो। कानुन बनाइयो, बजेट छुट्याइयो, अन्तर्राष्ट्रिय लगानीकर्तासँग सम्झौता गरियो र प्रदेशभर ठूला सौर्य आयोजना सञ्चालन गर्ने महत्वाकांक्षी योजना सार्वजनिक गरियो। तर, सात वर्षपछि आर्थिक वर्ष २०८२/८३ सम्म आइपुग्दा प्रदेशले घोषणा गरेका अधिकांश योजना कागजमै सीमित छन्।

कृषिप्रधान अर्थतन्त्र भएको मधेशमा सिँचाइ, कृषि प्रशोधन, स्वास्थ्य संस्था, विद्यालय, उद्योग तथा सञ्चार माध्यम सञ्चालनका लागि भरपर्दो विद्युत् अपरिहार्य मानिन्छ। तर, प्रदेश सरकारले सौर्य ऊर्जालाई विकासको आधार बनाउने घोषणा गरे पनि त्यसअनुसारको पूर्वाधार निर्माण हुन सकेको छैन। प्रदेश सरकार गठनलगत्तै तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले पाँच वर्षभित्र प्रदेशलाई वैकल्पिक ऊर्जातर्फ उन्मुख बनाउने लक्ष्यसहित सौर्य ऊर्जा कार्यक्रम अघि सारेका थिए।

पहिलो चरणमा प्रदेशको प्रशासनिक केन्द्र मधेश भवनमै सोलार प्लान्ट जडान गर्ने योजना बनाइयो, डीपीआर तयार गरियो र त्यसपछि पर्साको वीरगञ्जस्थित ठाकुरराम क्याम्पस तथा महोत्तरीको बर्दिबास क्षेत्रमा ठूला सौर्य आयोजना स्थापना गर्न जग्गा खोज्ने काममसेत सुरु भयो। निजीक्षेत्रसँग सहकार्यका लागि चौधरी ग्रुपसँग सहमति पनि भयो। तर, सरकार परिवर्तन, संघीय सरकारको अनुमति प्रक्रिया र नेपाल विद्युत् प्राधिकरणसँग आवश्यक समन्वय हुन नसक्दा ती सबै योजना अघि बढ्न सकेनन्।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतका अनुसार २०७५ सालमा काठमाडौंमा आयोजित लगानी सम्मेलनमा क्यानडाको स्काई पावर कम्पनी र चौधरी ग्रुपमार्फत मधेश प्रदेशमा २५० मेगावाट क्षमताका तीनवटा सौर्य आयोजना निर्माण गर्ने सहमति भएको थियो। त्यसबेला नेपालभर ६०० मेगावाट सौर्य ऊर्जा उत्पादनमा करिब ५० अर्ब रुपैयाँ लगानी गर्ने समझदारी भएको थियो।

विद्युत् विकास विभागबाट पर्साको परवानीपुरमा ३० मेगावाट र महोत्तरीको ढल्केबरमा १२० मेगावाट क्षमताका आयोजना निर्माणका लागि सर्वेक्षण अनुमति पनि लिइयो। तर, विद्युत् खरिद सम्झौता (पीपीए) गर्नुपर्ने नेपाल विद्युत् प्राधिकरणले प्रक्रिया अघि नबढाउँदा ती आयोजना कार्यान्वयनमै जान सकेनन्।

सौर्य ऊर्जालाई प्राथमिकता दिँदै संघीय सरकारले सुरुका तीन आर्थिक वर्ष वैकल्पिक ऊर्जाका लागि बजेटसमेत उपलब्ध गराएको थियो। पहिलो वर्ष एक करोड रुपैयाँ र त्यसपछि लगातार दुई वर्ष तीन-तीन करोड रुपैयाँ विनियोजन गरियो। प्रदेश सरकारले पनि आफ्नै बजेट थपेर कार्यक्रम सञ्चालन गर्ने तयारी गऱ्यो।

खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय गठन भएपछि तत्कालीन मन्त्री ओमप्रकाश सर्राफले प्रदेशको बजेटसमेत जोडेर पाँच करोड रुपैयाँ सौर्य ऊर्जाका लागि छुट्याएका थिए। विद्यालय, अस्पताल, सामुदायिक एफएम रेडियो र महिला उद्यमीलाई सौर्य प्रणाली जडानमा अनुदान दिने कार्यक्रमसमेत ल्याइयो। तर, आवश्यक कानुनी प्रक्रिया पूरा हुन नसक्दा बजेट खर्च हुन सकेन। लगातार बजेट फिर्ता भएपछि संघीय सरकारले पछि यस शीर्षकमा बजेट पठाउनै छोड्यो।

प्रदेश सरकारले विद्युत् क्षेत्रको विकासका लागि प्रादेशिक विद्युत् ऐन-२०७७ ल्यायो। त्यसपछि सौर्य ऊर्जा विशेष कार्यक्रम सञ्चालन तथा अनुदान परिचालन कार्यविधि-२०८० पनि स्वीकृत गरियो। यी कानुनी व्यवस्थाले सार्वजनिक तथा निजी अस्पताल, विद्यालय, शैक्षिक संस्था, सामुदायिक रेडियो र महिला उद्यमी उद्योगमा संस्थागत सौर्य प्रणाली जडान गर्ने आधार तयार गरेका थिए। तर, कानुन बने पनि कार्यान्वयन हुन सकेन।

पूर्वमन्त्री सर्राफका अनुसार संविधानले प्रदेशलाई २५ मेगावाटसम्मका वैकल्पिक ऊर्जा आयोजना सञ्चालन गर्ने अधिकार दिए पनि विद्युत्सम्बन्धी कानुनी व्यवस्थाले व्यवहारमा त्यो अधिकार प्रयोग गर्न कठिन बनाइदियो। विद्युत् ऐनमा भएको व्यवस्थाअनुसार एक मेगावाटभन्दा माथिका आयोजनाका लागि नेपाल विद्युत् प्राधिकरणको सहमति अनिवार्य भएपछि प्रदेश सरकारले अघि सारेका अधिकांश कार्यक्रम रोकिए। संघ, प्रदेश, स्थानीय तह र निजीक्षेत्रको साझेदारीमा काम गर्ने प्रस्तावसमेत अन्ततः कार्यान्वयन हुन सकेन।

नीति निर्माणमा पनि मधेश प्रदेश पछि परेको देखिँदैन। प्रदेश नीति तथा योजना आयोगले पहिलो र दोस्रो आवधिक योजनामा सौर्य ऊर्जालाई प्राथमिकतामा राखेको छ। तर, पहिलो आवधिक योजनाका अधिकांश लक्ष्य पूरा नभएको तथ्य आयोगकै मूल्यांकनमा उल्लेख छ। दोस्रो आवधिक योजनाले समेत प्रदेशमा सौर्य ऊर्जाबाट बत्ती बाल्ने दर केवल ०.८ प्रतिशत रहेको देखाएको छ, जसले प्रदेशको वास्तविक अवस्था झल्काउँछ। सौर्य ऊर्जाका लागि देशकै सबैभन्दा उपयुक्त मानिने प्रदेशमा यसको प्रयोग अझै न्यून हुनु स्वयम् योजनाको असफलताको सूचक बनेको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अनुसार हाल मधेश प्रदेशमा १२६ वटा संस्थागत सौर्य प्रणाली सञ्चालनमा छन्, जसको कुल क्षमता २०८.५० किलोवाट मात्र छ। प्रदेशभर २ हजार ८२८ वटा सौर्य सिँचाइ प्रणाली जडान भएका छन् र चालु आर्थिक वर्षमा थप सम्भाव्यता अध्ययन गर्ने योजना रहेको केन्द्रले जनाएको छ। प्रदेश सरकारले अपेक्षित गति लिन नसके पनि संघीय सरकार र वैदेशिक सहयोगमा सञ्चालित परियोजनामार्फत केही सौर्य आयोजना, चार्जिङ स्टेसन तथा ऊर्जा उपकरण वितरण भएका छन्। तर, प्रदेश सरकारले घोषणा गरेका ठूला सौर्य आयोजना भने अझै निर्माण हुन सक्का छैनन्।

सात वर्षको अवधिमा मधेश प्रदेशले सौर्य ऊर्जाका लागि कानुन बनायो, बजेट विनियोजन गऱ्यो, लगानीकर्ता खोज्यो र महत्वकांक्षी घोषणा पनि गऱ्यो। तर, तीमध्ये कुनै पनि प्रयासले अपेक्षित परिणाम दिन सकेन। प्राकृतिक सम्भावना पर्याप्त हुँदाहुँदै पनि कानुनी अस्पष्टता, संघ-प्रदेशबीचको अधिकार विवाद, नेपाल विद्युत् प्राधिकरणसँगको समन्वय अभाव, सरकार परिवर्तन र कार्यान्वयनको कमजोर इच्छाशक्तिले मधेशको सौर्य ऊर्जा सपना अझै अधुरै छ। घामको कुनै अभाव नभएको प्रदेशमा उज्यालो बनाउने सरकारी योजना भने अझै कागजमै सीमित देखिन्छ।

## आजको राशिफल

**मेष :** दिनको सुरुवाती समयमा केही अलमल वा मानसिक चिन्ता रहन सक्छ।

**बृष :** आयआर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो प्रतिफल मिल्नेछ।

**मिथुन :** कार्यक्षेत्र र व्यापार व्यवसायका लागि आजको दिन निकै उत्तम छ।

**कर्कट :** धार्मिक र सामाजिक कार्यमा रुचि बढ्नेछ। भाग्यले साथ दिने हुनाले थोरै मिहिनेत गर्दा पनि ठूलो सफलता मिल्न सक्छ।

**सिंह :** दिनको पूर्वार्धमा केही चुनौती र स्वास्थ्यसम्बन्धी समस्याको सामना गर्नुपर्न सक्छ।

**कन्या :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन सुखद रहनेछ।

**तुला :** शत्रु र प्रतिस्पर्धीहरूमाथि तपाईंको जित हुनेछ। पुराना रोग वा स्वास्थ्य समस्याहरूबाट मुक्ति मिल्नेछ।

**वृश्चिक :** बौद्धिक, साहित्यिक र रचनात्मक कार्यका लागि आजको दिन उत्कृष्ट छ।

**धनु :** पारिवारिक वातावरणमा केही असन्तुष्टि वा विवाद देखिन सक्छ।

**मकर :** पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। छोटो दुरीको फलदायी यात्राको योग छ।

**कुम्भ :** आर्थिक दृष्टिकोणले आजको दिन निकै बलियो छ। साँझपछि नयाँ कार्यको थालनी गर्ने साहस र उत्साह प्राप्त हुनेछ।

**मीन :** बेलुकासम्म चन्द्रमा तपाईंको आफ्नै राशिमा रहने भएकाले शारीरिक र मानसिक रूपमा ऊर्जावान् महसुस गर्नुहुनेछ।

राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## सिरहामा खाना पकाउने ग्यासको चरम ........

खोज्दा पनि उपलब्ध नभएकाले अहिले होटलमा खाना खान बाध्य भएको ठाकुरको भनाइ छ।

यता, जिल्ला प्रशासन कार्यालय सिरहाले भने बजारमा ग्यास अभावबारे कुनै औपचारिक गुनासो प्राप्त नभएको जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जिल्लामा ग्यास अभाव भएको विषयमा प्रशासनमा हालसम्म कुनै आधिकारिक जानकारी वा उजुरी नआएको बताए।

बजारमा ग्यासको अभावले उपभोक्ता प्रत्यक्ष प्रभावित भइरहेका बेला नियमित आपूर्ति, प्रभावकारी बजार अनुगमन तथा समस्या समाधानका लागि सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग स्थानीय उपभोक्ताहरुले गरेका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।
अपन दैनिक

# रास्वपा सांसदले सरकारलाई सोधे: मधेशका सामान्य विवादमा पनि किन गोली चलाइन्छ ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १९ गते**



सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदले मधेश प्रदेशमा हुने सामान्य विवादमा पनि सुरक्षाकर्मीले किन गोली चलाउँछ ? भनेर प्रश्न गरेका छन् । साउन ४ मा कोशीको सुनसरीबाट सुरु भई मधेशका विभिन्न जिल्लामा फैलिएको हिन्दु र मुस्लिम समुदायबीचको विवादका क्रममा सुरक्षाकर्मीको गोली लागेर चार जनाको मृत्यु भएको थियो ।

रास्वपा संसद अमेशकुमार सिंह र शिवशंकर यादवले मधेश प्रदेशमा हुने सामान्य विवादमा पनि सुरक्षाकर्मीले लाठी चार्ज नगर्ने, टियर ग्यास नहान्ने सिधै गोली प्रहार गर्ने गरेको भन्दै सरकारसँग असन्तुष्टि जनाएका हुन्। प्रतिनिधिसभाको मंगलबारको बैठकमा विशेष समय लिएर दुवै सांसदले सुरक्षा कर्मीले बल प्रयोग गरेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराएका हुन्।

रास्वपा सांसद अमरेशकुमार सिंहले मधेश आन्दोलन, थरुहट आन्दोलनलगायतमा जहिले पनि सुरक्षाकर्मीले गोली प्रहार गरेको प्रसंग उठाएका थिए । 'मेरो प्रश्न राज्यसँग छ कि मधेसमा जहिले पनि आन्दोलन हुन्छ, मधेश आन्दोलन होस् कि थरुहट आन्दोलन होस् त्यहाँ गोली मात्र किन चल्छ ?,' सिंहले प्रश्न गरे, 'लाठी, टियर ग्यास किन चल्दैन ? दुनियाँमा नेपालबाहेक कुनै पनि देशमा प्रहरीलाई एसएलआर दिँदैन । पुलिसलाई कसैले ढुंगा हान्यो भने त्यसले त गोली हान्छ । लट्ठी छैन । टियर ग्यास छैन ।'

रास्वपाकै सांसद शिवशंकर यादवले पनि मधेश प्रदेशमा दुई समुदायबीच सामान्य विवाद हुँदा पनि प्रहरीले गोली प्रहार गर्ने गरेको बताए । 'लामो समयदेखि मधेशका नागरिकमाथि सामान्य विवादमा पनि गोली प्रहार गर्ने प्रवृति बढिरहेको छ । त्यसको म घोर भर्त्सना गर्न चाहन्छु' यादवले भने, 'लोकतन्त्रिक व्यवस्थामा नागरिकको जीवन र सुरक्षा भन्दा ठूलो कुनै पनि विषय हुन सक्दैन । दुई पक्षबीचको सामान्य विवादमा पनि गोली चलाउने प्रवृतिको अन्त्य गर्नुपर्छ।'

साउन १० गते राति विवाद सुरु भएको कोशी प्रदेशको सुनसरीको कप्तानगन्जको अवस्था र सिरहाको गोलबजारमा प्रहरीले गोली चलाउनुपर्ने अवस्था नरहेको सांसद यादवको दाबी थियो । 'घटनास्थलको अध्ययन गर्दा सुनसरीको घटनास्थलमा पनि म पुगेको छु, सिरहाको गोलबजारको पनि घटनास्थलमा पुगेको छु । कुनै पनि स्थानमा गोली चलाउने अवस्थाको सिर्जना मैले देखेको थिएन,' यादवले भने, 'कुनै पनि स्थानमा टाउको र छातीमा गोली हानेर साम्य पार्नुपर्ने अवस्था थिएन, तैपनि गोली प्रहार भएको छ । त्यसको निन्दा गर्न चाहन्छु।'

सांसद सिंहले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा मधेशी समुदायको प्रवेशलाई बढाउन पनि सरकारलाई सुझाव दिएका छन् । उनले मधेश प्रदेशमा सामान्य विवाद हुँदा पनि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिने बताउँदै आगामी दिनमा शिक्षक, चिकित्सक पठाउन आग्रह गरेका थिए ।


सांसद सिंहले मधेश प्रदेशमा हिन्दु र मुस्लिम समुदायबीच द्वन्द्व चर्किंदा त्यसको अन्त्यका लागि सभापति रवि लामिछानेले खेलेको भूमिकाको प्रसंसा गरेका थिए । प्रधानमन्त्री वालेन्द्र शाहले समयमै राष्ट्रका नाममा सम्बोधन गर्नुपर्ने र पहलकदमी लिनुपर्नेमा ढिलो गरी मात्र राष्ट्रका नाममा सम्बोधन आएको सिंहले बताए ।

सांसद यादवले भने धार्मिक समुदायबीचको द्वन्द्व अन्त्यका लागि रास्वपा सभापति लामिछाने, प्रधानमन्त्री शाह, प्रमुख प्रतिपक्षी कांग्रेस सभापति गगन थापा र गृहमन्त्री सुधन गुरुङको प्रसंसा गरेका थिए ।




# मधेश सरकारको समीकरणबारे गुण्डुमा ओली-यादव छलफल

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १९ गते**





मधेश प्रदेश सरकारको नयाँ सत्ता समीकरणबारे नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवबीच मंगलबार भक्तपुरको गुण्डुस्थित ओली निवासमा छलफल भएको छ ।

स्रोतका अनुसार संघीय स्तरमा नेकपा (एमाले) र नेपाली कांग्रेसबीचको सत्ता सहकार्य टुटेपछि मधेश प्रदेशमा नयाँ सरकार गठनको सम्भावनाबारे दुई नेताबीच कुराकानी भएको हो ।

६ वटै प्रदेशमा एमाले र नेकपा अन्य दलसँग मिलेर सरकार बनाउन थालिसकेको छ भने मधेश अझै अन्यौल छ ।

बाँकी पृष्ठ ४ ▶▶

# मधेश सरकारको नयाँ कार्यविधि: कामको नतिजा देखाउने ...............

छ । यही कमजोर खर्च क्षमता र कार्यसम्पादनका कारण संघीय सरकारले प्रत्येक वर्ष प्रदेशलाई उपलब्ध गराउने बजेटमा पनि कटौती गर्दै आएको छ ।

यही पृष्ठभूमिमा प्रदेश सरकारले अब कर्मचारीको अतिरिक्त सुविधा स्वत: उपलब्ध गराउने परम्परा अन्त्य गर्दै कार्यसम्पादनका आधारमा मात्रै प्रोत्साहन दिने नीति अघि बढाएको हो । यसलाई कर्मचारीको जिम्मेवारी, सेवा प्रवाह र कार्यालयको नतिजा सुधार्ने प्रयासका रूपमा हेरिएको छ ।

अर्थ मन्त्रालयका उपसचिव जयकुमार राउतका अनुसार कार्यसम्पादन मूल्यांकनका लागि करिब १० वटा सूचक तय गरिएका छन् । कार्यालय प्रमुख, लेखा र प्रशासन शाखाका प्रतिनिधि सम्मिलित समितिले कर्मचारीको मूल्यांकन गर्नेछ । प्राविधिक र अप्राविधिक दुवै समूहका कर्मचारीका लागि ४० प्रतिशत अंक समान सूचकबाट तथा बाँकी ६० प्रतिशत अंक जिम्मेवारी र कार्यसम्पादनका आधारमा प्रदान गरिने व्यवस्था गरिएको छ ।

स्वास्थ्य क्षेत्रका कर्मचारीको हकमा बिरामीप्रतिको व्यवहार, स्वास्थ्य प्रवर्द्धन तथा जनचेतनामूलक कार्यक्रममा सहभागिता, कार्यदक्षता, अनुशासन र आचरणलगायतका आधारमा मूल्यांकन गरिनेछ । मूल्यांकन सम्पन्न भएपछि सम्बन्धित कार्यालयले प्रतिवेदन माथिल्लो निकायमा पठाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

कार्यविधिले सबै सरकारी कार्यालयमा डिजिटल हाजिरी प्रणाली अनिवार्य गर्ने व्यवस्था पनि समेटेको छ । हाल डिजिटल हाजिरी नभएका कार्यालयमा रजिस्टरको अभिलेखका आधारमा मूल्यांकन गरिए पनि कार्यविधि लागू भएपछि सबै कार्यालयमा डिजिटल हाजिरी अनिवार्य हुनेछ ।

संघीय सरकारले चालु आर्थिक वर्षदेखि कर्मचारीको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने र कार्यसम्पादनका आधारमा थप प्रोत्साहन उपलब्ध गराउने नीति ल्याएसँगै मधेश प्रदेशले पनि त्यसको कार्यान्वयन प्रक्रिया अघि बढाएको हो । तर, साउनको तेस्रो सातासम्म कार्यविधि स्वीकृत नभएकाले बढेको तलब र कार्यसम्पादनमा आधारित अतिरिक्त सुविधा साउन महिनादेखि नै लागू हुने वा पछि मात्रै कार्यान्वयन हुने भन्ने विषयमा कर्मचारीबीच अझै अन्योल कायम छ ।

विश्लेषकहरूका अनुसार कर्मचारीको अतिरिक्त सुविधालाई कार्यसम्पादनसँग जोड्ने निर्णय प्रभावकारी रूपमा कार्यान्वयन हुन सके प्रदेश सरकारको सेवा प्रवाह, बजेट खर्च क्षमता र समग्र प्रशासनिक उत्तरदायित्व सुधार्ने अवसर बन्न सक्छ । तर मूल्यांकन प्रक्रिया निष्पक्ष र पारदर्शी हुन नसके यसले कर्मचारीबीच नयाँ विवाद पनि सिर्जना गर्न सक्ने चुनौती थपिने जानकारहरुको भनाइ छ ।

# गणेश यादवको मृत्युबारे छानबिन गर्न गठित ............

नगरपालिकामा सर्वदलीय बैठकमार्फत घटनाको विषयमा जानकारी लिएको छ ।

त्यसपछि छानबिन समितिले दोस्रो चरणमा उद्योग व्यापार संघ गोलबजारका पदाधिकारीसहित स्थानीय व्यवसायीहरुसँग छलफल गरी प्रदर्शनका क्रममा भएको भौतिक तथा आर्थिक क्षति तथा व्यवसायीका गुनासा टिपोट गरेको संघका अध्यक्ष विजय साहले जनाकारी दिए । उनका अनुसार समितिले तेस्रो चरणमा स्थानीय मुस्लिम समुदायका अगुवाहरुसँग छुट्टै छलफल गरी घटना हुनुको कारण, त्यसको प्रभाव र सामाजिक सद्भाव कायम गर्न सम्भावित उपायहरुको बारेमा छलफल गरेको छ ।

छानबिन समितिका संयोजक सहसचिव शाहीका अनुसार सुनसरीमा भएको घटनाको चार दिनपछि सिरहाको गोलबजारमा परेको प्रभाव, प्रदर्शनमा गोली चल्नुपर्ने अवस्था, विद्यार्थी गणेश यादवको मृत्युको बारेमा बिस्तृत छानबिन थालिएको छ । प्रदर्शनको क्रममा गोली प्रहारले विद्यार्थीको मृत्यु सम्बन्धी घटना, त्यसको पृष्ठभूमि र कारण लगायतको विषयमा छानबिन र सिफारिशसहित गृह मन्त्रालयमा प्रतिवेदन बुझाइने उनले बताए ।

**निवेदन संकलन गर्दै स्थानीय प्रहरी**

१४ साउनको दिउँसो भएको हिंसात्मक प्रदर्शनपछि भएको आगजनी र तोडफोडले निजी घर, पसल तथा सम्पत्तिमा भएको क्षतिको कारणले मारमा परेका पीडित व्यापारी व्यवसायीहरुले स्थानीय प्रहरीमा निवेदन दिन थालेका छन् ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले प्रदर्शनको क्रममा क्षति ब्यहोरेका व्यापारी व्यवसायीहरुले आफूलाई परेको मर्काको व्यहोरा खुलाएर स्थानीय प्रहरीमा निवेदन गरिएको आग्रहबमोजिम निवेदनहरु संकलन हुन थालेको बताए । 'स्थानीय प्रहरीले सबैको निवेदन संकलन गरेपछि प्रमाणको आधारमा स्थलगत मुचुल्का उठाएर क्षतिको विवरण तयार गर्छ,' उनले भने, 'त्यसपछि आएको विवरणहरुको विश्लेषण गरी एकमुष्ठ रुपमा मन्त्रालयमा पठाउँछौं।'

उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष साहले व्यवसायीलाई सुरक्षित र भयरहित ढंगले व्यापार व्यवसाय गर्न पाउने वातावरण तयार गर्न र व्यापार व्यवसायलाई पुरानै लयमा फर्काउन राज्यको पहिलो जिम्मेबारी रहेको बताए 'त्यसमा स्थानीय व्यापारीहरुको पनि सहयोग रहन्छ' उनले भने ।

जिल्लाकै मुख्य व्यापारिक स्थलको रुपमा उदाउँदै गरेको गोलबजारमा १४ साउनमा भएको प्रदर्शनपछि भौतिक तथा आर्थिक क्षतिको यकिन मूल्यांकनका लागि छुट्टै छानबिन गरी राज्यले पीडित व्यपारीहरुलाई उचित क्षतिपूर्ति दिनुपर्ने गोलबजार नगरपालिका प्रमुख श्यामकुमार श्रेष्ठले माग गरे ।

**महासंघका पदाधिकारीहरुको अनुगमन**

सुनसरी घटनाको विरोधमा भएको प्रदर्शनको क्रममा प्रहरीले चलाएको गोली लागेर सिरहाको औरही गाउँपालिका २ तुलसीपुरका १५ वर्षीय गणेश यादवको मृत्यु भएपछि आक्रोशित भीडले गोलबजारस्थित एबी मल, नेहाल हार्डवेयर सेन्टर, न्यू अस्लम वस्त्रालय लगायत करिब एक दर्जनभन्दा बढी घर तथा पसलमा आगजनी, तोडफोड गरेको थियो ।

नेपाल उद्योग बाणिज्य संघ मधेश प्रदेशका पदाधिकारीहरुको टोलीले स्थानीय निजी घर तथा पसलहरुमा भएको तोडफोड आगजनीमा क्षति पुगेका विभिन्न व्यवसाय तथा व्यापारिक प्रतिष्ठानहरुको स्थालगत अनुगमन गरेको छ । महासंघका प्रदेश समिति अध्यक्ष विजयकुमार साह नेतृत्वको टोलीले आगजनीमा ध्वस्त भएको नेहाल आइरन स्टोर एन्ड सप्लायस, एबी मल लगायतका प्रतिष्ठानहको स्थलगत निरीक्षण गरिएको उद्योग व्यापार संघ गोलबजारले जनाएको छ । संघका अनुसार गोलबजार क्षेत्रमा घर पसलमा भएको तोडफोड र आगजनीमा करिब एक अर्बको हारहारीमा क्षति भएको छ ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

अपन दैनिक
Apan Dainik National Newspaper

# कर्मचारीको नयाँ तलबमान क्याबिनेटबाट अझै स्वीकृत भएन, १५ दिनमा तलब दिने अर्थमन्त्रीको घोषणा अलपत्र

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन १९ गते**

अर्थमन्त्री स्वर्णिम वाग्लेले घोषणा गरेको कर्मचारीलाई १५-१५ दिनमा तलब दिने योजना चालू आर्थिक वर्ष २०८३-८४ को पहिलो महिनामै अलपत्र परेको छ । नयाँ आर्थिक वर्ष शुरु भएको १९ दिन बितिसक्दा समेत सरकारी कर्मचारीले तलब पाउन नसकेको हुन् ।

अर्थ मन्त्रालयले नयाँ आर्थिक वर्षका लागि स्वीकृत गर्नुपर्ने तलब स्केल र ग्रेड दरको विवरण उपलब्ध नगराएका कारण कर्मचारीको खातामा तलब पठाउन नसकिएको महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक ओम प्रसाद रिजाल बताए ।

उनले भने, 'अर्थ मन्त्रालयले नयाँ आर्थिक वर्षको तलब स्केल पठाएको छैन । नयाँ तलबमान अर्थले नपठाएसम्म कर्मचारीलाई तलब पठाउन सकिँदैन ।'

सरकारले कर्मचारीको मनोबल अभिवृद्धि गर्न र बजारमा नगद प्रवाह बढाउनका लागि महिनामा दुई पटक तलब उपलब्ध गराउने व्यवस्था गरेको थियो । गएको वैशाख ४ गते अर्थमन्त्री स्वर्णिम वाग्लेले सरकारी कर्मचारीलाई १५-१५ दिनमा तलब खुवाउने कार्य पाइलट परियोजनाकारुपमा अघि बढाउने निर्णय गरेका थिए ।

अर्थ मन्त्रालयमा एक कार्यक्रमको आयोजना नै गरेर अर्थमन्त्री वाग्लेले १५ दिनमै कर्मचारीलाई तलब दिने कार्यको शुभारम्भ गरेका थिए ।

महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरूलाई तलब प्रविष्ट गर्ने प्रणाली कम्प्युटरराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास) मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाई अर्थमन्त्री वाग्लेले १५ दिनमै तलब दिने कार्यको सुरुआत गरेका थिए । जस अनुसार नै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो १५ दिनको तलब पाएका थिए ।

जेठ र असार महिनामा पनि कर्मचारीले १५ दिनमै तलब पाएका थिए । तर, चालू आर्थिक वर्षदेखि पूर्ण कार्यान्वयन गर्ने भनिएको अर्थमन्त्रीको योजना अहिले अलपत्र परेको हो ।

नयाँ आर्थिक वर्षका लागि आवश्यक तलबमान र ग्रेडसम्बन्धी विवरण अर्थ मन्त्रालयबाट समयमै उपलब्ध नभएकाले सिगासमा आवश्यक अद्यावधिक हुन नसकेको रिजालले स्पष्ट पारे ।

उनले भने, 'अर्थले नयाँ स्केल पठाएपछि तलबी प्रतिवेदन स्वीकृत गर्नुपर्छ । त्यसका लागि सुरुमा तलब स्केल चाहियो । तलब स्केल अर्थ मन्त्रालयले दिने हो । त्यो दिएको छैन ।'

चालू आर्थिक वर्षको बजेट मार्फत सरकारले निजामती र सरकारी सेवामा रहेका कर्मचारीको तलब बढाउने घोषणा गरेको छ ।



कर्मचारीको आधारभूत तलबमा १० प्रतिशत र कार्य सम्पादनमा आधारित पारिश्रमिक प्रणाली सुरुवात गर्न नयाँ तलबमानको मासिक १० प्रतिशत प्रोत्साहन भत्तासहित कूल २१ प्रतिशत तलब बढाउने घोषण गरिएको छ ।

बजेटमा घोषणा गरे अनुसार बढेको तलब स्केल महालेखालाई पठाउनका लागि अर्थले मन्त्रीपरिषद्बाट स्वीकृत गराउनु पर्छ । मन्त्रीपरिषद्ले स्वीकृत नगर्दा कर्मचारीलाई १५ गते तलब खुवाउन नसकिएको अर्थ मन्त्रालय स्रोतले बतायो ।

'कर्मचारीको तलगत तलबमान स्केल स्वीकृत गरिदिनका लागि हामीले साउन ६ गते नै मन्त्रीपरिषद्मा पठाएका थियौं । हालसम्म मन्त्रीपरिषद्ले स्वीकृत गरिदिएको छैन', स्रोतले भन्यो, 'जसले गर्दा साउन १५ मा तलब दिन सकिएन ।'

# अबको डेढ साताभित्र मुख्य सडक विस्तार सकिने दाबी




**अपन दैनिक संवाददाता**
**पर्सा, साउन १९ गते**

वीरगन्ज महानगरपालिकाको मुख्य सडक विस्तारअन्तर्गत दोस्रो चरणको अभियान तीव्र गतिमा अघि बढेको छ । सडक डिभिजन कार्यालय हेटौंडाले हालसम्म ९ सयभन्दा बढी निजी भवन, सरकारी कार्यालय तथा अन्य संरचना हटाएको जनाएको छ ।

कार्यालयका इन्जिनियर तथा वीरगन्जका लागि तोकिएका फोकल पर्सन दुर्गाप्रसादले सुरुमा उत्तर गण्डक क्षेत्रबाट र त्यसपछि दक्षिणतर्फ मितेरी पुलबाट एकैसाथ आधा दर्जनभन्दा बढी डोजर परिचालन गरी सडक विस्तारको कामलाई तीव्र बनाइएको बताए ।

उनका अनुसार हाल माइस्थान चोकदेखि दक्षिण महावीर मन्दिर क्षेत्रसम्म दुवैतर्फबाट संरचना हटाउने काम भइरहेको छ । महावीर मन्दिरसम्मको खण्डमा अब आठ वटा घर मात्रै हटाउन बाँकी रहेको उनले जानकारी दिए । 'हालकै गतिमा काम अघि बढे डेढ साताभित्र दोस्रो चरणअन्तर्गतको सडक विस्तार सम्पन्न हुनेछ,' उनले भने ।

डिभिजन सडक कार्यालयले पहिलो चरणमा गत वैशाख ६ र ७ गते मुख्य सडक क्षेत्रमा करिब १२ सय घर तथा भवनमा डोजर चलाएको थियो । त्यसक्रममा अधिकांश संरचनाको अगाडिको भाग हटाइएको थियो । सडक सीमाभित्र परेका संरचना २५ दिनभित्र स्वयं हटाउन सम्बन्धितलाई आग्रह गरिएको भए पनि समयसीमा सकिँदासमेत धेरै संरचना यथावत् रहेपछि विभागले हाल दोस्रो चरणको अभियान सन्चालन गरेको हो ।

हाल दोस्रो चरणअन्तर्गत घण्टाघरदेखि माइस्थान चोकसम्मको मुख्य सडक खण्डमा संरचना हटाउने काम भने अझै बाँकी रहेको फोकल पर्सन दुर्गा प्रसादले बताए ।




## मधेश सरकारको समीकरणबारे .............

सो क्रममा ओलीले मधेशमा नयाँ सत्ता समीकरण बनाउन जसपा नेपालको साथ र सहयोग मागेको बताइएको छ ।

हाल मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको सरकार रहेको छ, जसमा एमाले र नेकपा समेत सहभागी छन् ।

स्रोतका अनुसार नयाँ सरकार गठनका लागि एमालेलाई जसपा नेपालको समर्थन निर्णायक हुने आकलन गर्दै ओलीले अध्यक्ष यादवसँग राजनीतिक सहकार्यका विषयमा छलफल गरेका हुन् ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

## गृहमन्त्रीको भ्रमण र सम्झौताबारे सरकारको ................

स्वयं गृहमन्त्रीले नै गराउने बताए ।

उनले भने, 'गृहमन्त्रीज्यूले गर्नुभएको सम्झौता भनिएको विभिन्न स्टेकहोल्डरहरूसँग उहाँले भेट्नुभयो । कति स्टेकहोल्डरहरूसँग उहाँले त्यहाँ बसेर कुराकानी पनि गर्नुभयो । र अहिले तत्कालका लागि विभिन्न विषयमा छलफल गर्न आवश्यक भए छलफल गर्न सकिन्छ । कुनै विशेष कुनै मुद्दामा पोजेटिभ नेगेटिभ भन्दा पनि समग्र विषयहरू जुन उठान भएका छन्, ती विषयहरूमा छलफल गर्न सकिन्छ भन्ने खालको मात्र उहाँले गर्नुभएको छ ।'

उनले अगाडि भने, 'त्योभन्दा बाहेक विशेष कुनै एउटा बुँदामै रहेर त्यो प्रश्न भए गृहमन्त्रीज्यू उहाँले नै यसको बारेमा जानकारी गराउनुहुनेछ । सरकारको तर्फबाट त्यस्तो कुनै एउटा विषयवस्तुमा पोजेटिभ नेगेटिभ हुनेगरी सम्झौता भएको छैन । अर्को विषय भनेको चाहिँ अहिले त्यो छानबिन समितिले कसैको त्यहाँ कमजोरीहरू औंल्याएको हुनसक्ने भन्ने विषयमा त्यो छानबिन समितिबाट आएको रिपोर्ट सरकार समक्ष आइसकेपछि निष्पक्ष रूपमा जे सुझाव गरिएको हुन्छ, त्यो छानबिन रिपोर्टले जे देखाएको हुन्छ, त्यहीअनुसार सरकारले काम-कारबाही अगाडि बढाउँछ ।'

हालका लागि आन्दोलनरत पक्षका मागहरू र समग्र शान्ति सुरक्षाको अवस्थाबारे संवादको ढोका मात्र खुला राखिएको र कुनै ठोस सहमति भइनसकेको सरकारको अडान छ ।

# 'तराई-मधेशमा पानी नपरेर खेत बाँझै भयो'

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १९ गते**



प्रतिनिधि सभाका सांसदहरूले तराई मधेशका जिल्लामा पानी नपरेर समस्या भएको बताएका छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकको शून्य समयमा सांसद चन्द्रमोहन यादवले तराई मधेसमा महिनौँदेखि वर्षा नभएको बताउँदै साउन सकिन लाग्दा पनि खेत बाँझै रहेको सुनाए ।

सांसद जगतप्रसाद जोशीले भारतले नेपालको सहमतिविना निर्माण गरेको बाँधका कारण नेपाली भूमि डुबानमा परेको उल्लेख गर्दै कैलाशपुरीमा यस्तै भएको बताए । सांसद जगदीश खरेल (ललितपुर) ले सुनसरी र सिराहको घटनामा सरकारले सुझबुझ समाधान गरेको, यस विषयमा विपक्षी दलले पनि साथ दिएको बताए ।

सांसद जनकराज गिरीले सांसदले उठाएका विषयको काम के भयो भनी प्रश्न गरे । सांसद जनकसिंह धामीले बेलौरी भन्सार स्तरोन्नति गर्न, सामाजिक सद्भाव कायम राख्न, जग्गाा नभएकालाई पूजा दिनुपर्ने माग गरे ।

सांसद जयपति रोकायाले हुम्लामा बाढीले जनश्रमदानबाट निर्माण भएको पुल र बाटो बगाएकाले बस्तीलाई सुरक्षित स्थलमा स्थानान्तरण गर्न माग गरे । सांसद झवीलाल डुम्रेले असार ३२ गते गल्याङ नगरपालिका-६ मा धनबहादुर थापाले गोठ भत्केर जीवन गुमाए । बाली नगरपालिकामा मोटरसाइकल चलाइरहेका समाजसेवीका अर्को सवारी दिएको ठक्करले विनोद अर्यालको निधन भएकाले यस्ता घटना नहुने वातावरण बनाउन माग गरे ।

सांसद टुकाभद्र हमालले निर्मल पूर्जाले नेपाली युवालाई प्रेरणा दिएकाले पर्वतारोहणका बेला निधन भएका पूर्जाका विषयमा उपयुक्त निर्णय गर्न माग गरे । सांसद ठाकुरसिंह थारुले खेतमा मल छैन, भान्सामा ग्यास छैन, गर्मी छ फ्यान चलाउन बत्ती छैन भन्दै गुनासो गरे ।

सांसद तारा विश्वकर्माले अव्यवस्थित प्लटिङ नरोके विपद् निम्त्याउन सक्ने भएकाले सचेत गराउन माग गरे । सांसद डा. तोसिमा कार्कीले कान्ति लोकपथको मार्ग परिवर्तन गर्दा स्थानीयवासी समस्यामा परेकाले निर्णय खारेज गर्न माग गरे ।

सांसद तौफिक अहमद खानले रूपन्देहीको आफ्नो क्षेत्रमा शुद्ध खानेपानीको व्यवस्था गर्न माग गरे । त्यस क्षेत्रका भूमिहीनको अन्योल समाधान गर्न पनि उनले माग गरे । सांसद दीपककुमार साह सुनसरीले देवानगञ्ज घटनाको प्रतिवेदन सार्वजनिक गर्न माग गरे। सांसद देवराज पाठकले मौसमका बारेमा पूर्वानुमान गर्ने व्यवस्था गराउन माग गरे ।

सांसद धनञ्जय रेग्मीले स्याङ्जाको सामुदायिक विद्युत् प्रणाली व्यवस्थित गर्न माग गरेकामा अझै काम नभएकामा सरकारको ध्यानाकर्षण गराए । सांसद नरेन्द्रकुमार केरुङले पाँचथरमा मात्र पाँच हजार ग्यास सिलिण्डर आवश्यक छ तर नपाइने गरेको गुनासो गरे ।

